<u>शर्तहरु</u>

(१) बोलपत्र खरिद गर्ने अन्तिम मिति:- २०८२/०५/१३ गते अपरान्ह १२:०० बजे सम्म ।

(२) बोलपत्र वुझाउने अन्तिम मिति र समय :- २०८२/०५/१३ गते अपरान्ह १२.०० वजे सम्म ।

(३) बोलपत्र खोलिने मिति र समय:- २०८२/०५/१३ दिउँसो १.०० वजे ।

(४) बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(५) बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ प्रतिशतले हुँन आउने रकममा ५ प्रतिशत रकमको मू.अ.कर सहित थप गरि यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य वैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

(६) E-GP मार्फत बोलपत्र खरिद गर्दा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक,फर्पिङ्ग शाखामा रहेको खाता नं.१२००१००३०१०१०००२ मा **<u>sutrarevenue.fcgo.gov.np</u>** मा खोली आफ्नो **ID Create** गरी राजश्व भुक्तानीमा गई (१४२२९) अन्य प्रशासनीक सेवा शुल्क शीर्षक छनौट गरि रसिद प्रिन्ट गरि बैंक दाखिला गर्न सकिनेछ तथा सिलबन्दी दरभाउपत्र दस्तुर **<u>connect IPS</u>** बाट सोझै जम्मा गर्न पनि सकिनेछ ।

(७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर बढी छ सोही रकमलाई मान्यता दिइनेछ ।

(८) बोलपत्रमा भाग लिदा कुनै प्रकारको शर्त मान्य हुनेछैन ।

(९) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८३ आषाढ मसान्तसम्म रहनेछ र सो सम्झौता भएको मितिबाट बाँकी २०८३ आषाढ मसान्तसम्मलाई १ (एक) आर्थिक वर्ष मानिनेछ ।

(१०) ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै (यस नगरपालिकाको खाता नं.१२००१००३०१०१०००२ दक्षिणकाली न.पा. (ग-१.१) आन्तरिक राजश्वमा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको मिति २०८३।०५।३० सम्म अवधि रहेको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम व्याज समेत असुल उपर गरिनेछ । यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन ।

(११) ठेक्का कबोल अंकको हुन आउने रकमको मू.अ.कर दक्षिणकाली नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।दक्षिणकाली नगरपालिकाले सम्बन्धीत कर कार्यालयमा दाखिला गरि सोको जानकारी सम्बन्धीत पक्षलाई दिनेछ ।

(१२) ठेक्कामा कवोल गरेको रकम सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट भूक्तान गरेमा सो कवोल अंकमा १०% छुट दिइनेछ ।तर भ्याट रकममा भने छुट दिइनेछैन ।

(१३) ठेक्का रकम एकमुष्ठ भूक्तान गर्न नसक्ने स्वीकृत बोलपत्रदाताले बाँकी रकम नगरपालिकाले तोकेको अवधि भित्र ३(तीन) किस्तामा बुझाउनु पर्नेछ । किस्ता रकम बुझाउँदा किस्ता रकम नगरपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

(१४) आ.व.२०८२।०८३ मा स्वीकृत प्राप्त साधारण निर्माणमुखी खनिज पदार्थ उद्योग संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन ।

(१५) नगरपालिका क्षेत्रभित्र आफ्नो वा एकाघरको परिवारको जग्गाबाट उल्लेखित प्राकृतिक श्रोतहरु वडा भित्र वा एउटा वडाबाट अर्को वडामा घर बनाउने वा जग्गा सम्याउने प्रयोजनका लागि लैजाँदा शुल्क लिन पाइने छैन ।

(१६) यस नगरपालिका भित्र संचालनमा रहेको कुनै पनि आयोजनाको क्षेत्र भित्र हुने कार्यबाट निस्कन सक्ने प्राकृतिक स्रोत साधन सोही आयोजनाको क्षेत्रभित्र प्रयोग गर्दा शुल्क/दस्तुर उठाउन पाइने छैन,तर यस नगरपालिका भित्र कुनै आयोजनाको लागि स्थापना भएको उद्योगबाट उत्पादन तथा प्रशोधनबाट हुने निर्माणमुखि प्राकृतिक स्रोत साधनहरुको बिक्री/संकलन शुल्क उठाउन सक्ने छ ।

(१७) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत बोलपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

(१८) बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(१९) स्वीकृत बोलपत्रदाताले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रबाट नै उठाउनु पर्नेछ र दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ । साथै राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाइने छैन ।

(२०) ठेक्का कबोल गर्ने बोलपत्रदाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नो तर्फबाट छपाई गरि यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर संकलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ । नियमानुसार प्रयोग गरिएका रसिदहरुबाट वा विद्युतीय प्रणालीबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता प्रमाणित सहित प्रतिलिपि र रसिद नं. हरुको विवरण यस नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

(२१) म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

(२२) स्वीकृत बोलपत्रदाताले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

(२३) प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२४) नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोलपत्रदाताको कर्तव्य हुनेछ ।

(२५) कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(२६) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ ।

(२७) संलग्न गर्नुपर्ने कागजपत्रहरु व्यक्तिको हकमा नागरिता प्रमाण-पत्र र स्थायी लेखा नं.(PAN CARD)को प्रतिलिपि ,फर्म/संस्था/व्यवसायको हकमा फर्म/संस्था/व्यवसायको नविकरण खुल्ने दर्ता प्रमाण-पत्र,पान प्रमाण-पत्र, २०८०-०८१ को करचुक्ता प्रमाण-पत्र प्रतिलिपि ।

(२८) थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८/०१-४७१०४३९ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।